# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)

केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०७८।०३।२९

## प्रेस विज्ञप्ति

सम्मानित सर्वोच्च अदालतलको विघटित प्रतिनिधि सभा पुनर्स्थापित गर्ने ऐतिहासिक फैसलाको नेपाल पत्रकार महासंघ हार्दिक स्वागत गर्दछ । सर्वोच्च अदालतको यो निर्णयले संविधानको रक्षा हुनुका साथै लोकतान्त्रिक विधि र मूल्य मान्यता पुनर्स्थापित भएको महासंघको निष्कर्ष छ ।

सर्वोच्च अदालतको फैसलापछि सम्मानित र स्वतन्त्र अदालतमाथि भएका अशोभनीय टिका-टिप्पणी र प्रधान न्यायाधीशको पुत्ला दहन गर्ने कार्यको महासंघ भर्त्सना गर्दछ । स्वतन्त्र न्यायपालिकामाथि कुनै पनि  पक्षबाट प्रहार गर्न हुँदैन भन्नेमा महासंघको प्रष्ट दृष्टिकोण रहँदै आएको छ ।

पुनर्स्थापित प्रतिनिधि सभा र संसद्बाट निर्माण हुने सरकारले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र नागरिक अधिकारको रक्षा गर्दै सञ्चार क्षेत्रको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने छ भन्ने महासंघ विश्वास प्रकट गर्दछ ।

रोसन पुरी
महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org